परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ७२ पृष्ठ ४ २०८२ पुष १८ गते, शुक्रबार 2 January, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## रामगोपालपुरमा LRP-४१ अन्तर्गत शिक्षा, कृषि, महिला सशक्तीकरण र स्वरोजगार मार्फत समुदायस्तरमा परिवर्तन



● टक नेपाल

महोत्तरीको रामगोपालपुर नगरपालिका पछिल्ला केही वर्षयता विकासको जीवित उदाहरण बनेको छ । यहाँ शिक्षा, कृषि, महिला सशक्तीकरण, सामाजिक समावेशीकरण र स्वरोजगारमा देखिएको परिवर्तनले समुदायमा आशा, ऊर्जा र आत्मनिर्भरता फैलाएको छ ।

स्थानीय आवश्यकता र चुनौतीलाई ध्यानमा राखेर सञ्चालन गरिएको स्थानीय अधिकार कार्यक्रम (LRP-४१) ले केवल परियोजना मात्र नभई दीर्घकालीन सामाजिक परिवर्तनको माध्यमको रूपमा काम गरेको छ । यस कार्यक्रमले शिक्षा, महिला स्वरोजगार, श्रमिक अधिकार, सुख्खा प्रभावित क्षेत्रको कृषि सशक्तीकरण र सामाजिक समावेशीकरणलाई एउटै धारा मार्फत अघि बढाउँदै रामगोपालपुरमा वास्तविक विकासको उदाहरण प्रस्तुत गरेको छ ।

**विद्यालय सुधारः उज्यालो भविष्य निर्माण**

रामगोपालपुर नगरपालिका -९ गोठबनौलीस्थित श्री दोरिक जनता आधारभूत विद्यालयको चार कोठे, दुई तले पक्की भवनको उद्घाटन समारोहमा मधेस प्रदेश सभामुख राम अशिष यादव विशेष अतिथिको रूपमा उपस्थित थिए ।

उद्घाटन समारोहमा नगरप्रमुख रामदुलार साह, उप-प्रमुख रीना देवी यादव, प्रमुख प्रशासकीय अधिकृत अच्छेलाल दास, रतौली युवा क्लबका पदाधिकारी, शिक्षक, अभिभावक र विद्यार्थीहरूको उपस्थिति थियो । सूर्यको उज्यालोले नयाँ भवनमा चमक बोक्दै थियो र बालबालिकाहरूको उत्साहपूर्ण हाँसो समारोहलाई अझ जीवन्त बनाएको थियो ।

सभामुख यादवले उद्घाटन गर्दै भने, "सामुदायिक विद्यालयको भौतिक पूर्वाधार मजबुत हुँदा गुणस्तरीय शिक्षा सुनिश्चित हुन्छ। यस भवनले बालबालिकालाई सुरक्षित र व्यवस्थित सिकाइ वातावरण प्रदान गर्दै दीर्घकालीन सामाजिक परिवर्तनको आधार तयार गर्नेछ ।"

नगरप्रमुख साहले "भौतिक पूर्वाधार बिना गुणस्तरीय शिक्षा सम्भव छैन। यो भवनले विद्यार्थीहरूको सिकाइ वातावरण मात्र सुधार्ने होइन, उज्यालो भविष्य निर्माणमा ठोस आधार तयार गर्नेछ। समुदायको सक्रिय सहभागिताले यस परियोजनाको सफलता सुनिश्चित गरेको छ ।"

भवनको अनुमानित लागत रु. ७३ लाख ९३ हजार रहेको छ र निर्माण कार्य २०८२ मङ्सिर मसान्तभित्र सम्पन्न भएको छ । विधालयका प्रधानध्यापक सत्यनारायण यादवले भने, "पहिले विद्यार्थीहरू असहज कक्षा कोठामा पढ्न बाध्य थिए । अब नयाँ भवनले सिकाइ वातावरण सुधार गरेको छ, साथै विद्यार्थीहरूको मनोबल र उत्साह पनि बढाएको छ ।"

विद्यार्थी प्रिया साहले खुशी हुँदै भनिन्, "अब हामी सुरक्षित कक्षामा पढ्छौं । पढ्न सजिलो भएको छ र विद्यालयमा आउँदा रमाइलो लाग्छ । हाम्रो सिकाइ वातावरण पहिलेभन्दा धेरै राम्रो भएको छ ।"

यस्तै स्थानिय अधिकार कार्यक्रम (ीच्ए-४१) अन्तर्गत बालकेन्द्रित सिकाइ वातावरण सिर्जना गर्ने उद्देश्य सहित शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ७ लाख २० हजार ५ सय ७० रुपैयाँ प्राप्त भएको रामगोपालपुर नगर पालिका - ५ स्थित श्री जनता आधारभूत (०-५) विद्यालय कन्चनपुरमा विधालयका प्रधानध्यापक जगरनाथ साहले बताए । उक्त सहयोग रकमबाट बालविकास दुई भवनको विधुती करण, जस्तापाता चेन्ज, झ्याल ढोका चेन्ज, रंग रोगन, पलास्टर, भुई ढलान, बालविकासमा बसाइ व्यवस्थापन, शिक्षन सिकाय सामाग्री, मुल गेटको मर्मत सभार, पक्की कम्पाउण्डवाल ३ फिट ग्रिल वाल, मर्मत गरि घेराबेरा समेत गरिएको विधालयका प्र.अ. जगरनाथ साहले बताउनु भयो ।

**महिला सशक्तीकरण र स्वरोजगार**

आत्मनिर्भरता तर्फ कदम महिला सशक्तीकरणका क्षेत्रमा ीच्ए-४१ कार्यक्रमले ठोस प्रभाव देखाएको छ । रामगोपालपुरका विभिन्न वडाका ३३ जना श्रमिक महिलाहरूले न्यूनतम ज्याला, श्रमजन्य हिंसा र सामाजिक सुरक्षा जस्ता मुद्दा उठाउँदै १३ बुँदे मागपत्र नगरपालिकामा बुझाएका थिए ।

नगरप्रमुख साहले "महिलाहरूको यो पहिचानले समाजमा दीर्घकालीन प्रभाव पार्नेछ । आगामी योजनाहरूमा उनीहरूको आवश्यक बजेट सुनिश्चित गर्नेछौं ।" कार्यक्रम अन्तर्गत १३ जना महिलालाई स्वरोजगारका लागि नगद अनुदान हस्तान्तरण गरिएको थियो । महिलाहरूले किराना पसल, सिलाइकटाइ, ब्यूटी पार्लर, चटपटे पसल जस्ता साना व्यवसाय सञ्चालनका लागि जनही रु. २०-४० हजार प्राप्त गरे ।

वडा नं. ५ कञ्चनपुरकी निना देवी मण्डलले भने, "सहयोगपछि म नियमित रूपमा किराना

बाकी पष्ठ २........

## राष्ट्रिय धोती दिवस नयाँ पुस्तामा संस्कृतिप्रतिको गर्व जगाउने महाउत्सव हो : डा. जयकान्त राउत




● टक नेपाल

राष्ट्रिय धोती दिवसको अवसरमा जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष तथा संगठन विभाग प्रमुख डा. जयकान्त राउतले राष्ट्रिय धोती दिवस केवल औपचारिक कार्यक्रम मात्र नभई इतिहास, संस्कृति र आत्मसम्मानसँग जोडिएको महाउत्सव भएको बताउनुभएको छ।

आज सप्तरीको राजविराजमा आयोजित कार्यक्रममा बोल्दै उहाँले राष्ट्रिय धोती दिवसले समाजमा एकता, आपसी सम्मान र स्वाभिमानको भावनालाई थप मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो। उहाँका अनुसार विश्वव्यापीकरण र आधुनिकताको यो युगमा अघि बढ्दै गर्दा आफ्ना मौलिक पहिचान र संस्कृतिलाई बिर्सिनु हुँदैन।

डा. राउतले राष्ट्रिय पोशाक धारण गर्नु पछाडि फर्किनु नभई आफ्नै पहिचानसहित विश्वसामु अघि बढ्नु भएको स्पष्ट गर्नुभयो। "संस्कृति जोगाउनु विकासको बाधक होइन, बरु विकासको आधार हो," उहाँले जोड दिनुभयो। उहाँले जनमत पार्टी सदन, सरकार र सडक-तीनवटै मोर्चाबाट सबै समुदायको अधिकार, पहिचान, संस्कृति र स्वाभिमानको संरक्षणका लागि निरन्तर संघर्षरत रहेको पनि बताउनुभयो। बढ्दो आधुनिकतासँगै आफ्नो मौलिकता नछोडी अघि बढ्न उहाँले सम्पूर्ण युवापुस्तालाई विशेष आग्रह गर्नुभयो।

कार्यक्रममा सहभागीहरूले राष्ट्रिय पोशाकमार्फत आफ्नो सांस्कृतिक पहिचान झल्काउँदै राष्ट्रिय धोती दिवसलाई उत्साहपूर्वक मनाएका थिए।







### शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!



- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,



- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

बर्दिबास नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### फेरि पनि प्रभावशालीकै मुठीमा समानुपातिक

समानुपातिक प्रणालीको दुरुपयोग शृंखलाले निरन्तरता पाएको छ। निर्वाचन आयोगमा आइतबार र सोमबार बुझाइएको बन्दसूचीमार्फत दलहरूले प्रणालीकै अपमान गरेका छन्। पहुँचवालाहरूकै हालीमुहाली स्थापित हुने गरी दलहरूले सूची तयार पारेको देखिन्छ। शीर्ष नेताहरू स्वयं, पटक-पटक राजनीतिक लाभ लिइसकेका नेता र तिनका आफन्तले प्राथमिकता पाएका छन्। दलहरूको सूची हेर्दा समानुपातिक प्रणाली जुन वर्ग र समुदायलाई संसद् हुँदै राजनीतिक मूलधारमा ल्याउनका लागि अपनाइएको थियो, त्यसको ठीक विपरीत प्रयत्न भएको देखिन्छ। यसर्थ, समानुपातिकको सूची स्वयंमै भौगोलिक, सामुदायिक र वर्गीय दृष्टिकोणबाट असमावेशी रहेको भन्दै आलोचना भइरहेको छ। यसले प्रथमतः समानुपातिक प्रणालीको अभ्यासलाई थप विकृत र बदनाम गराउँदै लैजान्छ। दोस्रो, जस्ता व्यक्तिहरू यस प्रणालीबाट संसद्मा पुगून् भन्ने अपेक्षा गरिएको हो, त्यो पनि खण्डित हुन्छ। समाजका विभिन्न क्षेत्रमा सफल व्यक्तिहरू संसद्मा जानुहुँदैन भन्ने होइन। तर यो विषयमा धारणा बनाउँदा समानुपातिक प्रणालीको अवधारणाबारे स्पष्ट हुनुपर्छ। यो प्रणाली त जुन समुदाय र वर्गको आवाज राज्यले नियमित रूपमा सुन्दैन तर सुनाउनैपर्नेछ, उनीहरूलाई मूलधारमा ल्याउन सहजीकरणका निम्ति हो। समाजको विविधितालाई राज्यको कानुन र नीति निर्माण गर्ने अंगमा पनि प्रतिविम्बित गर्नका निम्ति हो। पटक-पटक अवसर पाइसकेको समूहलाई थप अवसर सिर्जना गरिराख्न होइन। तर हरेक निर्वाचनमा त्यही भइरहेको छ, जुन हुनुहुँदैन थियो। किनकि, दलहरूले सीमान्तकृत समुदायका केही नामलाई प्रतिनिधिमूलक ढंगले राख्ने तर मूलभूत रूपमा प्रभावशालीलाई नै अवसर दिने प्रवृत्ति देखाइरहेका छन्। २१ फागुनमा हुने निर्वाचनका लागि दलहरूले आइतबार र सोमबार निर्वाचन आयोगमा बन्दसूची बुझाएका हुन्। तर उनीहरूले विगतमा भएको आलोचना र हालसालैको जेन-जी आन्दोलनपछि जनताबाट अभिव्यक्त भइरहेको आकांक्षालाई अस्वीकार गरेका छन्। सुधारका लागि इच्छुक देखिएका छैनन्। अनौठो त के छ भने, पुरानादेखि नयाँ सबै दलहरूको मति उस्तै देखिएको छ। जस्तो कि, पञ्चायतकालदेखि निर्वाचन लड्दै र मन्त्री बन्दै आएका अर्जुननरसिंह केसीलाई कांग्रेसबाट खसआर्य 'क्लस्टर' को पहिलो नम्बरमा राखिएको छ।

# रामगोपालपुरमा LRP-४१ अन्तर्गत शिक्षा, कृषि, महिला सशक्तीकरण............

पसल सञ्चालन गर्दै आएको छु र हाल राम्रो आम्दानी गर्न सफल भएकी छु। मेरो र मेरो श्रीमानको सहकारी संस्थामा खाता खोलेर दैनिक बचत गर्दै आएकी छु। यसले हाम्रो परिवारको आर्थिक अवस्थामा सकारात्मक परिवर्तन ल्याएको छ। पहिले हामी खर्च व्यवस्थापन गर्न कठिनाईमा थियौं, अहिले वित्तीय अनुशासन अपनाएका छौं। यसले परिवारमा आत्मनिर्भरता र सशक्तिकरणको भावना बढाएको छ।"

अन्य महिलाहरूले पनि स्वरोजगारले परिवारमा आर्थिक स्वतन्त्रता, निर्णय प्रक्रियामा सहभागिता र आत्मविश्वास बढाएको अनुभव साझा गरे।

सुख्खा प्रभावित क्षेत्रमा सुरक्षित खानेपानी र कृषक सशक्तीकरण

सुख्खा प्रभावित बस्तीहरूमा ह्यान्डपम्प मार्फत सुरक्षित खानेपानीको पहुँच विस्तार गरिएको छ। कृषक समूहमा जैविक खेती र बिउविजन वितरण कार्यक्रमले उत्पादन क्षमता, आत्मनिर्भरता र सामाजिक एकता बढाएको छ।

स्थानीय कृषक शक्तिशाली कृषक समूहका अध्यक्ष सुनिता देवी मण्डलले भने, "पहिले हाम्रो उत्पादन अस्थिर थियो। अब जैविक खेती र प्रशिक्षणपछि उत्पादन बढेको छ र परिवारको आयमा सुधार आएको छ। युवाहरू पनि कृषिमा सक्रिय भएका छन्। सुरक्षित पानी र आधुनिक खेती अभ्यासले हाम्रो जीवनशैली नै परिवर्तन गरेको छ।" बालबालिकाको स्वास्थ्य र परिवारको पोषण स्तरमा सुधार आएको छ। कृषक समूहले आत्मनिर्भरता र सामाजिक सशक्तीकरण अनुभव गरेको छ।

**राष्ट्रिय धान दिवसः परम्परा, संरक्षण र खाद्य सुरक्षा**

रामगोपालपुर-५ कञ्चनपुरमा राष्ट्रिय धान दिवस-२०८२ को अवसरमा धान रोपाइँ कार्यक्रम सम्पन्न भएको थियो। "धान बालीमा तीव्रताः खाद्य सुरक्षा र आत्मनिर्भरता" भन्ने नारासहित स्थानीय कृषक समूह, जनप्रतिनिधि र रतौली युवा क्लबका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको उक्त कार्यक्रममा परम्परागत धान रोपाइँ र आधुनिक कृषि अभ्यासको संयोजन मार्फत समुदायमा खाद्य सुरक्षा र कृषि संस्कृतिको संरक्षणको संदेश प्रवाह गरिएको थियो।

सहभागी कृषकहरूले भने, "हाम्रो कृषि परम्परा र आधुनिक अभ्यासको संयोजनले आय बढाउने मात्र नभई, हाम्रो संस्कृति र आत्मनिर्भरता पनि सुरक्षित भएको छ।"

समग्र प्रभाव र वर्तमान अवस्था

ीच्ए-४१ कार्यक्रमले शिक्षा, कृषि, महिला सशक्तीकरण, स्वरोजगार र सामाजिक समावेशीकरणलाई एउटै धारा मार्फत अघि बढाउँदै रामगोपालपुरमा समग्र र दीर्घकालीन परिवर्तनको स्पष्ट उदाहरण प्रस्तुत गरेको छ।

विद्यालयमा गुणस्तरीय सिकाइ वातावरण कायम भएको छ, बालबालिकाको सिकाइ र उपस्थितिमा सुधार आएको छ। महिला स्वरोजगारले परिवारमा आर्थिक स्वतन्त्रता र निर्णय प्रक्रियामा सहभागिता बढाएको छ। कृषक समूहले सुरक्षित पानी र जैविक खेती अभ्यासमार्फत उत्पादन वृद्धि, आत्मनिर्भरता र सामाजिक सशक्तीकरण अनुभव गरेका छन्।

स्थानीय सरकार, गैरसरकारी संस्था र समुदायबीचको सक्रिय सहकार्यले रामगोपालपुरलाई समृद्ध, आत्मनिर्भर र विकासशील समुदायको उदाहरण बनाएको छ। ीच्ए-४१ कार्यक्रमले केवल दीर्घकालीन परिवर्तन मात्र होइन, समाजमा सकारात्मक ऊर्जा र आत्मविश्वासको प्रवाह पनि सुनिश्चित गरेको छ।

## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!





- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,
- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

लक्ष्मीनियाँ गाउँपालिका, धनुषा
मधेश प्रदेश

vianet
अब सबै connected

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!




- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,
- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

जलेश्वर नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल



# वीरगंज-रक्सौल व्यापारिक सहकार्य सुदृढ गर्ने विषयमा उद्योगी व्यवसायीबीच भेटघाट




● टक नेपाल

वीरगन्ज उद्योग वाणिज्य संघ र भारतको रक्सौल चेम्बर अफ कमर्शबीच आपसी व्यापारिक सम्बन्ध सुदृढ गर्ने उद्देश्यले स्वागत तथा सौहार्दपूर्ण भेटघाट कार्यक्रम सम्पन्न भएको छ।

वीरगन्ज उद्योग वाणिज्य संघको आयोजनामा बिहीबार सम्पन्न कार्यक्रममा संघका कार्यवाहक अध्यक्ष माधव राजपालले रक्सौल चेम्बर अफ कमर्शका पदाधिकारीलाई स्वागत गरेका थिए। राजपालले नेपाल-भारत सीमावर्ती क्षेत्र रक्सौलमा दिनप्रतिदिन बढ्दै गएको सवारी जाम, अव्यवस्थित गाडी पार्किङ, नेपाली नागरिकप्रति भारतीय सुरक्षाकर्मीको असमान व्यवहार र दृष्टिकोण तथा रक्सौल क्षेत्र लागूऔषध कारोबारको अखडा बन्दै गएको विषयप्रति गम्भीर चिन्ता व्यक्त गरेका थिए।

रक्सौल चेम्बर अफ कमर्शका अध्यक्ष राकेशकुमार कुशवाहले रक्सौल क्षेत्रमा देखिएको सवारी जामको स्थायी समाधानका लागि ओभरब्रिज निर्माणसम्बन्धी योजना स्वीकृत भइसकेको र छिट्टै निर्माण कार्य सुरु हुने जानकारी दिए। साथै, लागूऔषध कारोबार नियन्त्रणका लागि रक्सौलका प्रहरी प्रमुख स्वयं सक्रिय रहेको बताउँदै हालको अवस्था अघिल्लो समयको तुलनामा धेरै हदसम्म सुधारिएको दाबी गरे। नेपाली नागरिकप्रति भारतीय प्रहरीको व्यवहारबारे उठाइएका गुनासोप्रति संवेदनशीलता व्यक्त गर्दै उनले यस विषयमा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक पहल गरिने प्रतिबद्धता पनि जनाए।

रक्सौल चेम्बर अफ कमर्शका महासचिव शम्भुप्रसाद चौरसियाले सीमा क्षेत्रका साझा समस्या समाधानका लागि नेपाल-भारतका उद्योगी तथा व्यवसायीबीच निरन्तर संवाद, आपसी विश्वास र सहकार्य अपरिहार्य रहेको बताए।

वीरगन्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष आशिषकुमार लाठले यस्ता भेटघाटले सीमा क्षेत्रको व्यापार, आवागमन तथा आपसी सम्बन्ध सुदृढ गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै आउँदा दिनहरूमा समेत यस्ता छलफल र अन्तरसम्वाद हुनुपर्नेमा जोड दिए।

# सशस्त्र प्रहरीको गोलीबाट रिक्सा मजदुरको मृत्यु

## ७ सदस्यीय छानबिन समिति गठन

● टक नेपाल




सुनसरीको कोशी गाउँपालिका-१, पुरी टोलका ४५ वर्षीय विजय साहको जीविकोपार्जनको एक मात्र आधार थियो, सिटी रिक्सा। त्यही रिक्सा चलाएर उनी ६ जनाको परिवार पाल्थे।

बुधबार मध्यराति सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरीको गोलीबाट उनी ढले। उनको मृत्युले परिवारमा शोक मात्रै थपेको छैन, घर चलाउने एक मात्र आधार नै खोसिएको छ।

पुरी टोल भारतीय छोटी भन्सार लौकहीसँगै जोडिएको बस्ती हो। केही सय मिटर पार गर्दा भारतको बेलाह बजार पर्छ। खेती वा अन्य रोजगारी नहुँदा यो बस्तीका धेरैले रोजगारीका नाममा 'भरिया' बन्ने बाटो रोजेका छन्। उनीहरू सीमापारिबाट अरूको सामान बोकेर ल्याउँछन्। पाएको ज्यालामा जीविका चलाउँछन्।

स्थानीयका अनुसार यो नाकाबाट राति ११ बजेपछि 'लाइन' खुल्ने गर्छ। त्यसपछि भरियाहरू भारतको बेलाह बजार पुग्छन्। चिनी, चकलेट, किराना सामान ल्याउँछन्। बिहानअघि नै व्यापारीलाई बुझाउँछन्। यही कामले पुरी टोलका धेरै श्रमिकको घरमा चुलो बलिरहेको छ। विजय पनि यही श्रेणीका श्रमिक थिए। 'विजय गरिखाने मान्छे थिए, उनी व्यापारी होइन, भरिया मात्रै थिए,' कोशी गाउँपालिका-१ का वडाध्यक्ष शोभितनारायण यादव भन्छन्, 'परिवार पाल्न अरूको सामान वारपार गर्थे। अनाहकमा मारिनुपर्‍यो।'

बुधबार राति करिब ११ बजे खाना खाएर विजय सिटी रिक्सामा बेलाह बजारतर्फ लागेका थिए। पहिलो चक्करमा सामान ल्याएर बुझाए। फेरि दोस्रो पटक बेलाहतर्फ हुइँकिए। फर्किने बेला ड्युटीमा रहेका सशस्त्र प्रहरीले उनलाई रोकेको परिवारको दाबी छ। '१२ बजेतिर उहाँले फोन गर्नुभयो,' पत्नी गीताले रुँदै सम्झिइन्, 'प्रहरीले पैसा मागिरहेको आवाज सुनिन्थ्यो। ५ सय मागिरहेको प्रस्टै बुझिन्थ्यो। गाडी साइड लगाउन भनिरहेको थियो।'

अचानक फोनमा 'ड्यांग' गरेको आवाज आयो। 'गोली चलेको आवाज थियो,' गीता भन्छिन्, 'त्यसपछि उहाँको आवाज आएन।' घटनास्थल विजयको घरबाट करिब ३ सय मिटर मात्रै टाढा थियो। फोन काटिएपछि गीता गाउँलेसहित विजयलाई खोज्न निस्किइन्। रिक्साको छेउमा विजय छातीमा गोली लागेको अवस्थामा थिए। उनीहरू पुग्दा विजयको मृत्यु भइसकेको थियो। त्यो क्षणले गीता मात्र होइन, पूरै बस्ती स्तब्ध भयो।

प्र १-०२-००३ ३३१७ नम्बरको सिटी रिक्सामा ७ बोरा चिनी, २ कार्टुन चकलेट र अन्य सरसामान थिए। विजयले कसको सामान बोकेका थिए भन्ने खुलेको छैन। सुनसरीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे भन्छन्, 'सतही रूपमा हेर्दा विजय भरिया मात्रै भएको देखिन्छ। कसको सामान थियो भन्नेबारे अनुसन्धान भइरहेको छ।'

तर स्थानीयको प्रश्न फरक छ, भरिया भए पनि ज्यान जानुपर्ने अपराध के थियो ? स्थानीयका अनुसार राति ११ देखि १ बजेसम्म यही नाकाबाट तस्करीको 'लाइन' खुल्ने गर्छ। त्यस अवधिमा भरियाहरूले इटहरी, इनरुवा आसपासका व्यापारीका सामान ओसारपसार गर्छन्। 'हरेक चक्करमा ५ सय रुपैयाँ ड्युटीमा रहेका प्रहरीलाई बुझाउनुपर्छ,' एक स्थानीय भन्छन्, 'पैसा दिन आनाकानी भयो भने विवाद हुन्छ। यसअघि कुटपिट हुन्थ्यो, यो पटक गोली नै चल्यो।'

विजयको मृत्युको खबर फैलिनासाथ लौकही बजार बिहीबार बिहानैदेखि तनावग्रस्त बन्यो। आक्रोशित स्थानीयले शव सडकमा राखेर पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरे। सशस्त्र प्रहरीको बिट र बीओपीमा तोडफोड तथा आगजनी भयो। स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास प्रहार गरेको थियो।




# शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!


- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबित(ाऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सा(लयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

एकडारा गाउँपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल



# हत्या अभियोगको आरोपपछि अदालतमा हाजिर भएका पालिका अध्यक्ष धरौटीमा रिहा



टक नेपाल

हत्या अभियोगको आरोपपछि अदालतमा हाजिर भएका सप्तरीको राजगढ गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मण्डल बिहीबार धरौटीमा रिहा भएका छन् । उनी बुधबार बिहान अदालतमा हाजिर भएका थिए । बुधबार र बिहीबार भएको बहसपछि उनी धरौटीमा रिहा भएका हुन् । अदालतका न्यायाधीश रोमनाथ अधिकारीको दुई नम्बर इजलासमा भएको बहसपछि उनलाई दुई लाख रुपैयाँ धरौटी तिर्न आदेश भएको अदालतका सूचना अधिकारी उमेशकुमार अर्यालले बताए ३ साउन २०५५ मा तत्कालीन बेल्ही चपेना गाविस-३ स्थित रामजानकी मन्दिरका पुजारी जन्त्रीदास बैरागीको हत्या भएको थियो । सो मुद्दामा पालिका मण्डलसहितका सात जनाविरुद्ध १५ वैशाख ०७८ मा पक्राउ पुर्जी जारी भएको थियो ।

पक्राउ पुर्जी जारी रहेकै बेला मण्डल ३० वैशाख ०७९ मा स्थानीय तह निर्वाचनमा नेकपा एमालेबाट अध्यक्षमा निर्वाचित भएका थिए । उनी निर्वाचित भएको झन्डै १० महिनापछि १४ फागुन ०७९ मा जिल्ला अदालतका न्यायाधीश हेमन्त रावलले मुद्दा मुल्तबीमा राखेका थिए । अभियुक्तमध्येका तत्कालीन बेल्ही चपेना गाविस-३ (हाल राजगढ-४) का रामनारायण मण्डल २ पुसमा नै अदालतमा हाजिर भएका थिए । ३ पुसमा अदालतका न्यायाधीश महेन्द्रबहादुर थापा क्षेत्रीको एकल इजलासले मण्डललाई दुई लाख रुपैयाा धरौटीमा रिहा गर्न आदेश दिएपछि अध्यक्ष मण्डल पनि हाजिर भएका थिए ।

सो मुद्दाका अन्य अभियुक्त गाउँपालिका अध्यक्ष मण्डलकै बुवा तत्कालीन बेल्ही चपेना गाविसका अध्यक्ष गंगाराम मण्डल, सोही ठाउँका रामदेव सदा मुसहर, मनिक शर्मा, बौकाई भनिने बच्चा यादव र भोलिचन सदा मुसहर अझै फरार छन् । अभियोगपत्रअनुसार अध्यक्ष मण्डलकै बुवा गंगारामले मन्दिरको ११ बिघा जग्गाको धान मन्दिरलाई दिन नमान्दा विवाद भएको थियो ।

# वनभोज खान हेटौंडाबाट हेलिकप्टर चढेर सिरहा आए मुख्यमन्त्री बानियाँ

टक नेपाल

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ वनभोज खान हेलिकप्टर चढेर सिरहा आएका छन् । सिरहा कांग्रेस सभापति रामचन्द्र यादवले आयोजना गरेको वनभोज खान मुख्यमन्त्री बानियाँ यहाँ आएका हुन् ।

अंग्रेजी नयाँ वर्षको अवसर सभापति यादवले धनगढीमाई नगरपालिका-१४ स्थित सरे ‘अम्बासमा वनभोज आयोजना गरेका थिए । मुख्यमन्त्री बानियाँ सोही वनभोजमा माउन्टेन एयरको हेलिकप्टर चढेर हेटौंडाबाट यहाँ आएका थिए ।

यसका अलावा वनभोजमा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, स्वास्थ्य तथा जनसंख्यामन्त्री जंगीलाल राय पनि आइपुगेका थिए । उनीहरू भने सरकारी गाडी



प्रयोग गरी वनभोज खान आइपुगेका हुन् ।

यस विषयमा मुख्यमन्त्री बानियाँसँग प्रतिक्रिया लिन खोज्दा उनी सम्पर्कमा आएनन् । बानियाँका स्वकीय सचिव मिलन पुडासैनीले भने आफ्नो व्यक्तिगत खर्चमा उनी हेलिकप्टर चढेर सिरहा गएको दाबी गरे ।

‘ुख्यमन्त्रीज्यू र सभापतिज्यूको संविधानसभा सदस्य हुँदादेखि निकटता छ, त्यसै हिसाबले उहाँ त्यहाँ जानुभएको हो,’ पुडासैनीले कान्तिपुरसित भने, ’तर, उहाँले व्यक्तिगत खर्चमा हेलिकप्टर प्रयोग गर्नुभएको हो ।’

Chief Minister Baniya arrives in Siraha by helicopter from Hetauda for a forest feastवनभोज कार्यक्रममा सभापति यादवनिकट जिल्लाका नेता कार्यकर्ता पनि आएका थिए । हेलिकप्टरमा मुख्यमन्त्री आउने भएपछि हेर्नका लागि आमन्त्रित नगरिएका आसपासका बस्तीका सर्वसाधारण पनि आइपुगेका थिए ।

# प्रधानमन्त्री सुशीला कार्की र दुर्गा प्रसाईंबीच वार्ता

टक नेपाल

प्रधानमन्त्री सुशीला कार्की र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाऊ अभियानका संयोजक दुर्गा प्रसाईंबीच वार्ता भएको छ ।

सिंहदरबारमा बिहीबार भएको वार्ताका क्रममा प्रधानमन्त्री कार्कीले प्रसाईंले अघि सार्नुभएका मागहरु मध्ये तत्काल पुरा गर्न सक्ने मागका बिषयमा अध्ययन गरि सरकारले उचित निकास निकाल्ने बताउनुभएको थियो । वार्तापछि प्रसाईंले आफुहरुको मागमा छलफल गर्न प्रधानमन्त्रीले आइतबारसम्मको समय माग गर्नुभएको र आइतबार सम्झौता गरि त्यसपछि बस्ने मन्त्रीपरिषद् बैठकबाट सम्झौता कार्यान्वयनको निर्णय गर्ने जानकारी प्राप्त भएको बताउनुभयो ।

उहाले सरकारसंग तेश्रो पटक वार्तामा बसेको भन्दै अब पनि आफ्ना माग-मुद्दामा सरकार गम्भीर नभए आन्दोलनमा जाने स्पष्ट जानकारी गराएको जानकारी दिनुभयो । प्रसाईंले जनमत संग्रह गरेर लोकतन्त्रको अधिक प्रयोग गर्न सुझाव दिएको उल्लेख गर्नुभयो ।

त्यस्तै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकार र नागरिक बचाउ अभियानबीचको वार्ता सकारात्मक भएको



बताउनुभयो । वार्तामा सम्भव हुने किसिमका माग पूरा गर्न सरकार प्रतिबद्ध रहेको मन्त्री खरेलले जानकारी दिनुभयो । दुवै पक्षबीच मुलुकमा शान्ति, स्थिरता, विकास र समृद्धि कायम गर्ने सन्दर्भमा कुनै मतभेद नरहेको प्रवक्ता खरेलले बताउनुभयो ।

उहाले मुलुक चूनावमा अघि बढिसकेको भन्दै चूनावलाई थप सुनिश्चित गर्न सवै पक्षसंग निरन्तर सम्वादमा सरकार रहेको उल्लेख गर्नुभयो ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014